निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

प्रेस विज्ञप्ति

मिति : २०७९।४।२४

मतदाता नामावली अद्यावधिक तथा दाबी विरोधको प्रक्रिया प्रारम्भ भएको

संवत् २०७९ मंसिर ४ गते बिहिवार निर्वाचन हुने गरी नेपाल सरकारबाट प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन घोषणा भए पश्चात निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयहरुबाट हुँदै आएको मतदाता नामावली संकलन कार्य मिति २०७९/०४/२० बाट स्थगन भएको छ । मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचनको मिति घोषणा भएको दिन (२०७९/०४/१९) सम्म सङ्कलन भएको र मतदान हुने मिति भन्दा अघिल्लो दिन (२०७९/०८/०३) सम्म १८ वर्ष उमेर पुग्ने व्यक्तिहरुको मतदाता नामावलीलाई अद्यावधिक तथा दाबी विरोधको प्रक्रिया प्रारम्भ भएको छ ।

अद्यावधिक कार्यक्रम अनुसार मिति २०७९/०५/१२ देखि ऐ. १९ गतेसम्म मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) को कार्यक्रम निर्वाचन कार्यालयमा सञ्चालन हुनेछ । उक्त अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नामावली भएको भए हटाउन निवेदन दिने, एकाघर परिवारका सदस्यको मृत्यु भएको भए हटाउन निवेदन दिने, एकै वडाका दुई वा दुई भन्दा बढी मतदान स्थल भएकोमा पायक पर्ने मतदान स्थलमा नाम सार्न निवेदन दिने लगायतका विषयहरु कार्यक्रममा समावेश गरिएको छ । नामावली अद्यावधिक कार्यका लागि इमेल, फ्याक्स तथा अनलाइन समेतबाट निवेदन दिने व्यवस्था छ । मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्पन्न भए पश्चात प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि मिति २०७९/०५/३१ गते अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ ।

२०७९/०४/२४

(शालिग्राम शर्मा पौडेल)
सहसचिव एवम् प्रवक्ता

कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np